**सर्वोच्च अदालत, पूर्ण इजलास**

**सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउत**

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**

**माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल**

**आदेश**

**०८०-WF-००४५**

**मुद्दाः- उत्प्रेषण, परमादेशसमेत।**

पिताम्बर उपाध्यायका छोरा, साबिक पर्सा जिल्ला, वीरगन्ज वडा नं. ९ हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने सूर्यनाथ उपाध्याय ....................................................................१ निवेदक

विरुद्ध

सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं ............................................................................१

उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, काठमाडौं ................................१

परराष्ट्र मन्त्रालय सिंहदरबार, काठमाडौं ..............................................१ प्रत्यर्थी

अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं ....................................................१

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय सिंहदरबार, काठमाडौं .....१

नेपालको संविधानको धारा ४६ र १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छः-

**तथ्य खण्ड**

१. म निवेदक सूर्यनाथ उपाध्याय लामो समयसम्म उच्च पदस्थ सरकारी सेवामा कार्यरत भई राज्यका विभिन्न अंग एवं निकायमा कार्य गरेको र जलस्रोतका विषयमा अध्ययन अनुसन्धान गरी राष्ट्रिय हित र सरोकारका विषयमा सचेत नागरिक हुँ। विपक्षीहरूले नेपाल

सरकार र भारत सरकारका बिचमा Long-Term Power Trade सम्बन्धमा जनवरी ४, २०२४ मा गर्नुभएको सम्झौताको वास्तविक प्रतिलिपि माग गर्दा दिन इन्कार गर्नुभएको हुँदा सो सम्झौता आम नेपाली नागरिकले पढ्न, बुझ्न र छलफल गर्न पाउनका लागि सार्वजनिक गर्नू भनी परमादेश जारी गरी पाउँ। अनौपचारिक रुपमा प्राप्त उक्त सम्झौता अध्ययन गर्दा सो सम्झौताले उर्जालाइ मात्रै केन्द्र बिन्दुमा राखेर जलाशय र जलाशययुक्त आयोजनाबाट नेपालले कुनै पनि लाभ प्राप्त गर्न नसक्ने अवस्था सिर्जना गरी नेपालको प्राकृतिक स्रोतको वितरण नेपालको अहितमा हुने अवस्था सिर्जना गरेको छ। उक्त सम्झौतामा ट्रान्समिसन पूर्वाधार पनि भारतको नियन्त्रण हुने व्यवस्था छ भने नेपालको अहित हुने यस किसिमको सम्झौता अनन्तकालसम्म लागु हुने गरी व्यवस्था गरिएको छ। नेपालको आर्थिक वृद्धिदर ४.५% भएको खण्डमा सन् २०३५ देखि २०४० सम्म नेपाललाई नै २६,८१९.२२ हजार मेघाबाट बिजुली आवश्यक पर्दछ। नेपालको आर्थिक वृद्धिदर ७.२% भएको खण्डमा सन् २०३५ देखि २०४० सम्म नेपाललाई नै ४०,७२१.१७ हजार मेघावाट बजुली आवश्यक पर्दछ भने नेपालको आर्थिक वृद्धिदर उच्च (९.२ प्रतिशत वा बेशी) रहेको खण्डमा नेपाललाई ५२,९९८.०० हजार मेगावाट बिजुली आवश्यक पर्दछ। नेपाल जलवायु परिवर्तन सम्बन्धी अन्तराष्ट्रिय सन्धि पेरिस सम्झौताको पक्ष राष्ट्र हो। यस सम्झौताको लक्ष्य सन् २१०० सम्म पृथ्वीको तापक्रम वृद्धि २ डिग्रीभन्दा कम गर्ने छ जस अनुसार पक्ष राष्ट्रहरूले उक्त लक्ष्यभित्र रहन विभिन्न रणनीतिहरू लिएका हुन्छन्। नेपालले सन् २०२० मा संयुक्त राष्ट्र संघमा बुझाएको Second Nationally Determined Contribution मा पेरिस सम्झौताको दफा (४) को १९ औं प्याराग्राफ अनुसार सन् २०५० सम्ममा नेपालले Net-zero Emissions प्राप्त गर्ने लक्ष्य लिएको छ। सन् २०११ मा नेपाल सरकारले जारी गरेको Nepal's Long-term Strategy for Net-zero Emissions र तत्कालिन सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाले संयुक्त राष्ट्रसंघको २६ औं जलवायु सम्मेलनमा गरेको सम्बोधन अनुसार नेपालले सन् २०४५ मा लक्ष्य हासिल गर्ने भनिएको छ। उक्त लक्ष्य प्राप्तिका लागि नेपाललाई सन् २०४५ मा ५२,००० मेगावाट बिजुलीको आवश्यकता पर्दछ। नेपालको कुल उत्पादन सम्भावनाको सम्पूर्ण प्रयोग नेपालमा नै हुने र त्यतिले मात्रै नेपाललाइ नपुग्ने अवस्था स्वयं सरकारले नै प्रक्षेपण गर्दागर्दै यस किसिमको सम्झौता गर्दा नेपालको बिकासको सम्भावना अवरुद्ध हुन्छ। तसर्थ, प्राविधिक दृष्टिकोणबाट समेत उक्त सम्झौता नेपालको हितमा छैन। सन्धि

ऐन, २०४७ को दफा ३ अन्तर्गत पूर्णाधिकार प्राप्त नगरी सम्पन्न गरिएको उक्त सन्धि सो दफा प्रतिकुल रहेको छ। उक्त सम्झौता नेपालको संविधानको धारा २७९(२) अन्तर्गत पर्ने भएको हुँदा ऐ. धाराको प्रकृया पूरा नगरी उक्त सन्धि लागु गर्ने कार्य उत्प्रेषणको आदेशले बदर गरी पाउँ। विद्युत व्यापारको नाममा जलस्रोतको एकतर्फी र असमन्यायिक किसिमले छिमेकी मित्रराष्ट्र भारतले प्रयोग गर्न पाउने गरी गरिएको उक्त सम्झौता राष्ट्र हित प्रतिकुल भएको हुँदा विद्युत सँगसँगै जलस्रोतको उपयोगको पनि समन्यायिक बिक्री वितरण गरी नेपालले लाभ प्राप्त गर्ने गरी उक्त सन्धि परिमार्जन गर्न आवश्यक देखिन्छ। यसका साथै नेपाल सन्धि ऐनमा प्रयुक्त "व्यवस्थापिका संसद" हालको प्रचलित नेपालको संविधानले नचिनेको हुँदा सन्धि ऐनलाई संविधान अनुकुल हुने गरी परिमार्जनसमेत गर्न आवश्यक नठानी परराष्ट्र मामलामा सरकारले लज्जास्पद रुपमा उदासिनता देखाएको हुँदा तत्काले उक्त सन्धि ऐनलाई संविधान अनुकुल परिमार्जन गर्न भनी परमादेशसमेत जारी गरी पाउँ। अतः उल्लेखित संवैधानिक एवं कानूनी आधार कारणबाट उक्त सन्धि त्रुटिपूर्ण र राष्ट्रिय हित प्रतिकुल रहेको हुँदा प्रस्तुत मुद्दाको अन्तिम निर्णय नभएसम्म लागु नगर्नु, नगराउनु भनी विपक्षीहरुको नाउँमा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने बेहोराको **निवेदन मागदाबी।**

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जबाफ लिई उपस्थित हुनुहोला भनी निवेदनपत्र र यो आदेशको प्रतिलिपिसमेत साथै राखी प्रत्यर्थीहरूलाई म्याद सूचना पठाई म्यादभित्र लिखित जबाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नुहोला। निवेदकले अन्तरिम आदेश समेत माग गरेको सम्बन्धमा विचार गर्दा, निवेदकले रिट निवेदनमा नेपाल र भारत सरकारका बिच ४ जनवरी २०२४ मा हस्ताक्षर भएको Long Term Power Trade Agreement मा केवल विद्युत व्यापार (power trade) को विषय मात्र नभई जल विद्युत उत्पादन (Hydropower Generation) र विद्युत प्रसारण पूर्वाधार (Transmission Infrastructure) मा लगानी गर्ने जस्ता नेपालको संविधानको धारा २७९ आकर्षित हुने प्राकृतिक स्रोतको उपयोग र बाँडफाँडको विषयसमेत समावेश भएको भन्ने प्रश्न उठाएको देखिँदा विषयवस्तुको प्रकृति र गाम्भीर्यता हेर्दा दुवै पक्ष बिच छलफल गरी अन्तरिम आदेश जारी गर्नुपर्ने नपर्ने भन्ने सम्बन्धमा टुङ्गो गर्नु उपयुक्त देखिएकाले मिति २०८०।१०।२३ को छलफलको पेशी तोकिदिएको छ। छलफलको

दिन माथि उल्लिखित Long Term Power Trade Agreement को सक्कल प्रति सहित उपस्थित हुन महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउने। साथै, प्रस्तुत मुद्दामा समावेश भएको संवैधानिक तथा कानूनी प्रश्नलाई दृष्टिगत गरी प्रस्तुत मुद्दाको छलफलमा १-१ जना वरिष्ठ अधिवक्ता वा अधिवक्ता अदालतको सहयोगी (amicus curiae) का रुपमा पठाई दिनू भनी रिट निवेदन र निवेदनसाथ संलग्न कागजातको प्रतिलिपि समेत संलग्न गरी नेपाल बार एसोसियसन र सर्वोच्च अदालत बार एसोसिएसनलाई लेखी पठाउनू भन्ने **यस अदालतको मिति २०८०।१०।१६ को आदेश।**

३. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम राष्ट्रिय र अन्तराष्ट्रिय विद्युत प्रसारण लाइन तथा विस्तार, राष्ट्रिय अन्तराष्ट्रिय विद्युत व्यापार सम्बन्धी नीति, कानून, मापदण्ड, सन्धि-सम्झौता, कार्यान्वयन र नियमन, मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय लगायतको मुख्य जिम्मेवारी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको रहेको छ। यस सम्बन्धमा सम्झौता पूर्वका चरणहरू अन्तर्गत अध्ययन अनुसन्धान, राष्ट्रिय हित तथा लाभको समन्यायिक बाँडफाँटका आधार तथा मापदण्ड निर्धारण, प्रचलित संविधान र कानून बमोजिम हुने गरी सम्झौता गर्ने प्रक्रिया अगाडि बढाउने र सम्झौतामा अन्तरनिहीत प्रावधानहरूको विश्लेषण र त्यस्ता विषयहरूबाट पर्ने अल्पकालीन एवम् दीर्घकालीन प्रभाव, सम्झौता हुनु पूर्वका विभिन्न चरणका वार्ता, सम्झौता गर्न नेपाल सरकारबाट पूर्णाधिकार प्राप्ति लगायतका विषयमा तयारी तथा गृहकार्यसमेत सम्बन्धित मन्त्रालयबाट अवश्य भएको हुनुपर्छ। प्रस्तुत सम्झौतामा रिट निवेदकले उठान गरेका विषयहरू सम्झौता गर्ने ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र सरोकारवाला अन्य मन्त्रालयबाट प्राप्त हुने नै हुँदा रिट निवेदकले यस मन्त्रालयलाई प्रत्यर्थी बनाएको प्रस्तुत रिट निवेदन खारेज गरिपाँउ भन्ने बेहोराको **नेपाल सरकार, अर्थ मन्त्रालयको लिखित जबाफ।**

४. नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने व्यवस्था गरेको छ। त्यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (४) ले तोकेका केही सीमा बाहेकका विषयमा सोही ऐनले निर्दिष्ट गरेको प्रक्रियाबमोजिम प्रत्येक नागरिकले सार्वजनिक निकायमा रहेको सूचना प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ। अर्थात सार्वजनिक निकायमा रहेको सूचना प्राप्त गर्न चाहने हरेक नागरिकले कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरी माग

गरेमा कानूनले गोप्य राख्नु पर्ने गरी व्यवस्थित गरेको विषय बाहेकका अन्य सूचना प्राप्त गर्न सक्ने कुरामा कुनै दुविधा छैन। निवेदकले सम्झौताको प्रतिलिपि माग गर्दा प्राप्त नभएको भनी एकातिर उल्लेख गर्नु भएको छ भने अर्को तर्फ अनौपचारिक रुपमा प्राप्त सम्झौताको अध्ययन गर्दा देखिएको भनी विभिन्न जिकिर लिएको देखिन्छ। निवेदकले यसरी अनौपचारिक रुपमा प्राप्त लिखितलाई आधार बनाई सम्मानित अदालतमा मुद्दा दायर गर्ने विषय आफैमा विचारणीय देखिन्छ। नेपालको संविधानको धारा २७८ र २७९ मा सन्धि सम्पन्न गर्ने, सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्ने विषयलाई व्यवस्थित गरिएको छ। नेपालको संविधानको धारा २७९ को उपधारा (१) मा नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय कानूनबमोजिम हुने व्यवस्था छ। त्यसैगरी सोही धाराको उपधारा (२) मा उपधारा (१) बमोजिम कानून बनाउँदा शान्ति र मैत्री, सुरक्षा एवं सामरिक सम्बन्ध, नेपाल राज्यको सिमाना, र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडका विषयसँग सम्बन्धित सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतले गर्नुपर्ने शर्त राख्नुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी शान्ति र मैत्री तथा प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडका विषयको सन्धि वा सम्झौतामध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरुको साधारण बहुमतबाट हुन सक्ने गरी कानून बनाउन सक्ने व्यवस्था गरिएको छ। नेपाल वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन सम्बन्धी कार्यविधि व्यवस्थित गर्ने समेतको उद्देश्यले जारी भएको नेपाल सन्धि ऐन, २०४७ को दफा ३ मा सन्धि सम्पन्न गर्ने अधिकार तथा दफा ४ मा संविधानको धारा २७९ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धि बाहेक अन्य विषयका सन्धिहरुमध्ये अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्ने विषय तथा सोही ऐनको दफा ६ मा दफा ४ वा संविधानको धारा २७९ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिहरु बाहेक अन्य जुनसुकै विषयका सन्धिमा नेपाल सरकारको निर्णयबाट हस्ताक्षर गरिसकेपछि त्यस्तो सन्धिमा नेपाल वा नेपाल सरकार पक्ष भएको र हितलाई ध्यान दिइ सन्धि सम्झौता गर्दै आएको छ। मुलुकको कार्यकारी निकायले मुलुकको आवश्यकताका आधारमा गरेको

कामकारवाहीको विषयमा अनावश्यक आशंका गरी रिट निवेदन दायर गर्न मिल्ने पनि होइन। जहाँसम्म निवेदन जिकिरमा उठान गरिएको नेपाल सन्धि ऐनमा प्रयुक्त "व्यवस्थापिका-संसद" नेपालको संविधानले नचिनेको हुँदा सन्धि ऐनलाई संविधान अनुकूल हुने गरी परिमार्जन गर्ने विषय छ, तत्सम्वन्धमा नेपाल सन्धि ऐनलाई संशोधन गर्ने विषय समेत समावेश भएको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसदको प्रतिनिधि सभामा दर्ता भई बिचाराधिन अवस्थामा रहेको हुँदा निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने पनि होइन। अतः उल्लिखित आधार तथा कारणबाट रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको **कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जबाफ।**

५. नेपालको संविधानको धारा २७८ र २७९ मा सन्धि सम्पन्न गर्ने, सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्ने विषयलाई व्यवस्थित गरिएको छ। नेपालको संविधानको धारा २७९ को उपधारा (१) मा नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय कानून बमोजिम हुने व्यवस्था छ। त्यसैगरी सोही धाराको उपधारा (२) मा उपधारा (१) बमोजिम कानून बनाउँदा शान्ति र मैत्री, सुरक्षा एवं सामरिक सम्बन्ध, नेपाल राज्यको सिमाना, र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडका विषयसँग सम्बन्धित सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतले गर्नुपर्ने शर्त राख्नु पर्ने व्यवस्था गरेको छ। त्यसैगरी शान्ति र मैत्री तथा प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडका विषयको सन्धि वा सम्झौतामध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुन सक्ने गरी कानून बनाउन सक्ने व्यवस्था गरिएको छ। नेपाल वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन सम्बन्धी कार्यविधि व्यवस्थित गर्ने समेतको उद्देश्यले जारी भएको नेपाल सन्धि ऐन, २०४७ को दफा ३ मा सन्धि सम्पन्न गर्ने अधिकार तथा दफा ४ मा संविधानको धारा २७९ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धि बाहेक अन्य विषयका सन्धिहरुमध्ये अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्ने विषय तथा सोही ऐनको दफा ६ मा दफा ४ वा संविधानको धारा २७९ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिहरु बाहेक अन्य जुनसुकै विषयका सन्धिमा नेपाल

सरकारको निर्णयबाट हस्ताक्षर गरिसकेपछि त्यस्तो सन्धिमा नेपाल वा नेपाल सरकार पक्ष भएको र त्यस्तो सन्धि स्वीकृत भएको मानिनेछ भन्ने प्रष्ट कानूनी व्यवस्था रहेको छ। उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम नै नेपाल सरकारले विदेशी सरकार वा अन्तराष्ट्रिय सँगठनसँग मुलुकको हितलाई ध्यान दिइ सन्धि सम्झौता गर्दै आएको छ। मुलुकको कार्यकारी निकायले मुलुकको आवश्यकताका आधारमा गरेको कामकारबाहीको विषयमा अनावश्यक आशंका गरी रिट निवेदन दायर गर्न मिल्ने पनि होइन। तसर्थ, प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको **परराष्ट्र मन्त्रालयको लिखित जबाफ।**

६. विपक्षीले सम्मानित अदालतसमक्ष रिट दायर गर्दा हकदैयाको सम्बन्धमा विषय उठान गर्नु भएको छैन। यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले अधिवक्ता राधेश्याम अधिकारी विरूद्ध मन्त्रिपरिषद् कार्यालयसमेत (ने.का.प. २०४८, अंक १२, नि.नं. ४४३०) भएको मुद्दामा "सार्वजनिक हक वा सरोकारको विवादमा यस अदालतसमक्ष निवेदन दिने व्यक्तिको त्यस्तो विवादको विषयसँग सार्थक सम्बन्ध (Meaningful Relation) र तात्विक सरोकार (Substantial Interest) हुनुपर्ने र विवादमा मुछिएको सार्वजनिक हक वा सरोकारको विषयसँग जनसाधारणको प्रतिनिधित्व निजले सही रूपमा गर्न सक्दछ भन्ने कुराको निजले अदालतलाई विश्वास दिलाउनु पर्दछ" भनी सिद्धान्त प्रतिपादन गरेको छ। यस मुद्दामा विपक्षी रिट निवेदकले सार्वजनिक सरोकारको विषय भनी सम्मानित अदालत समक्ष प्रवेश गर्नु भएतापनि विपक्षी रिट निवेदकले उठान गर्नु भएको विवादको विषयवस्तुसँग आफ्नो सार्थक सम्बन्ध र तात्विक सरोकार के कसरी स्थापना भयो भन्ने देखाउन सक्नु भएको छैन। तसर्थ यस्ता प्रकृतीको विवादहरूमा स्वतः असाधारण अधिकार क्षेत्रअन्तर्गत न्यायिक निरूपणका लागि विचारणीय नहुने भन्ने समेतको सिद्धान्त अधिवक्ता उत्तमप्रसाद रिजालसमेत विरुद्ध संविधान सभा, नयाँ बानेश्वर, काठमाडौंसमेत (ने.का.प. २०७५, अंक १२, नि.नं. १०१५०) को मुद्दामा प्रतिपादन भैसकेको छ। तसर्थ रिट निवेदन दायर गर्न निवेदकको हकदैया नरहेको आधारमा विपक्षीको रिट निवेदन प्रथमदृष्टिमै खारेज योग्य छ। निवेदकले सन्धि ऐन, २०४७ को दफा ३ बमोजिम पूर्णाधिकार बिना सन्धि सम्पन्न गरेको जिकिर लिनु भएको छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ६ मा भएको कानूनी व्यवस्था हेर्दा नेपाल सरकारले हस्ताक्षर गरी सन्धि लागु गर्न सक्ने प्रावधान बमोजिम दफा ४ वा संविधानको धारा २७९ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिहरू बाहेक अन्य जुनसुकै विषयका सन्धिमा नेपाल सरकारको निर्णयबाट हस्ताक्षर गरिसकेपछि त्यस्तो

सन्धिमा नेपाल वा नेपाल सरकार पक्ष भएको र त्यस्तो सन्धि स्वीकृत भएको मानिनेछ भन्ने कानूनी व्यबस्था बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८०।०२।१४ मा नेपाल-भारत बिच दीर्घकालीन विद्युत व्यापार गर्ने सम्बन्धी संलग्न Agreement between the Government of Nepal and the Government of the Republic of India on Long-Term Power Trade स्वीकृत गर्ने र उल्लेखित सम्झौता नेपालको तर्फबाट हस्ताक्षर गर्न ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको सचिव (ऊर्जा) लाई अखितयारी दिने निर्णय भए बमोजिम भएको प्रस्तुत सम्झौता नेपाल सन्धि ऐन, २०४७ को दफा ३ आकर्षितनै नहुने व्यहोरा सम्मानित अदालत समक्ष सादर अनुरोध छ। रिट निवेदकले निवेदनमा धारा २७९ (२) बमोजिम प्राकृतिक स्रोतको विषयसँग जोडिएको विषयमा प्रतिनिधिसभा समक्ष पेस नगरी प्रक्रिया अगाडि बढाउने कार्य भएको भनी उल्लेख भएको छ। सो सम्बन्धमा Agreement between the Government of Nepal and the Government of the Republic of India on Long-Term Power Trade सम्झौता नेपालको संविधान, नेपाल सन्धि ऐन, २०४७ र Vienna Convention on the Law of Treaties, 1969 को आधारमा सन्धि होईन। सम्झौताको दफा १ मा सम्झौता सम्बन्धित देशको कानून बमोजिम लागु हुनेछ भनी भएको व्यवस्थाबाट पनि यो सम्झौता सन्धि होइन। सम्झौताले प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडको विषयलाई नसमेटी केबल उत्पादन भएको विद्युतको व्यापारको विषयलाई मात्र समेटेको र यो कुनै विदेशी राज्य वा सरकारसँगको सन्धि, सम्झौता नभएको हुनाले सम्झौतालाई संसदको अनुमोदन आवश्यक पर्दैन। यस्तै प्रकृतिको मुद्दामा सम्मानित अदालतको संवैधानिक इजलासबाट चन्द्रा कुमारी थानी समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको (०७९-WC-००५७) मुद्दामा गोरख बहादुर वि.सी. समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प २०७०, नि.नं. ८९८२) को मुद्दालाई उद्धृत गर्दै "विद्युत भनेको पानीरूपी प्राकृतिक स्रोतबाट भएको उत्पादन हो, जो स्वयं प्राकृतिक स्रोत होइन" भन्ने सिद्धान्त प्रतिपादन भएको छ। प्रस्तुत सम्झौता करार तथा अन्य दायित्व सम्बन्धी कानून अन्तर्गतको विषय हो र यस विषयमा कुनै तेस्रो पक्षले रिट क्षेत्राधिकारको प्रयोग गरी अदालत प्रवेश गर्न समेत सक्दैन। यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट गोरखबहादुर वि.सी. समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प २०७०, नि.नं. ८९८२) को मुद्दामा नेपाल सरकारलाई कुनै पक्षसँग जलविद्युत आयोजनाको सञ्चालन सम्बन्धमा प्रचलित कानून अनुसार कुनै आयोजना सञ्चालन गर्न सम्झौता गर्ने अधिकार हुने र त्यस्तो सामान्य कानून एवं करारको समेत

विषयमा यस अदालतले असाधारण अधिकारक्षेत्र ग्रहण गरी हस्तक्षेप गर्नु उपयुक्त नहुने भनी नजीर समेत प्रतिपादन भएको छ। तसर्थ, यो सम्झौताको विषयमा रिट क्षेत्राधिकारको प्रयोग गरी दायर भएको रिट निवेदन कानूनतः खारेज योग्य भएकोले खारेज गरिपाऊँ **भन्नेसमेत बेहोराको नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जबाफ।**

७. रिट निवेदनमा उठान भएको विषयका सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०।०२।१४ मा नेपाल-भारतबिच दीर्घकालीन विद्युत व्यापार गर्ने सम्बन्धी संलग्न Agreement between the Government of Nepal and the Government of the Republic of India on Long- Term Power Trade स्वीकृत गर्ने र उल्लिखित सम्झौतामा नेपालको तर्फबाट हस्ताक्षर गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सचिव (ऊर्जा) लाई अख्तियारी दिने गरी निर्णय भए बमोजिम उक्त सम्झौता भएको देखिएकोले नेपाल सन्धि ऐन, २०४७ को दफा ३ को व्यवस्था उल्लङ्घन भएको देखिँदैन। रिट निवेदकले विद्युत व्यापार सम्बन्धी उक्त सम्झौता नेपालको संविधानको धारा २७९ को उपधारा (२) अन्तर्गत पर्ने हुँदा सो प्रक्रिया पूरा नगरी भएको उक्त सन्धि लागु गर्ने कार्य बदर गरी पाऊँ भनी दाबी लिनु भएको विषयका HHI Agreement between the Government of Nepal and the Government of the Republic of India on Long-Term Power Trade को सम्झौताले प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडको विषयलाई नसमेटी केवल उत्पादन भएको विद्युतको व्यापारको विषयलाई मात्र समेटेको हुँदा प्रस्तुत सम्झौतालाई संसदको अनुमोदन आवश्यक पर्ने देखिँदैन। प्रस्तुत सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट गोरखबहादुर वि.सी. समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प २०७०, नि.नं. ८९८२) भएको मुद्दामा कुनै पनि उत्पादित चीज, वस्तु वा सेवा जस्तै विद्युतको व्यापार हुन सक्छ र सो निर्यात पनि गर्न सकिन्छ। कानूनले यस्तो कार्य गर्न निषेध गरेकोमा बाहेक सो गर्न नपाउने भन्न मिल्दैन। विद्युत स्वयंलाई प्राकृतिक स्रोत मान्ने हो भने भूमिबाट उत्पादित अन्न पनि प्राकृतिक स्रोत मान्नुपर्ने र त्यसको निकासी पनि रोक्नुपर्ने अवस्था आउँछ भनी प्रतिपादित सिद्धान्त समेतका आधारमा विपक्षीको रिट निवेदन खारेजभागी छ। प्रस्तुत सम्झौता करार तथा अन्य दायित्व सम्बन्धी कानून अन्तर्गतको विषय हो र यस विषयमा कुनै तेस्रो पक्षले रिट क्षेत्राधिकारको प्रयोग गरी अदालत प्रवेश गर्न समेत सक्दैन। निवेदकले निवेदनमा उठान गर्नु भएको जलस्रोतको बहुआयामिक महत्वको विषयका

सम्बन्धमा नेपाल सरकार तथा नेपाल सरकारका सम्बन्धित अधिकार प्राप्त निकायबाट क्रमशः आवश्यकता तथा औचित्यका आधारमा नीतिगत तथा कानूनी व्यवस्था हुँदै आएको छ। अतः माथि उल्लिखित बुँदाका आधारमा विपक्षीको प्रस्तुत रिट निवेदन खारेजभागी भएकोले खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको पुष्पकमल दाहाल "प्रचण्ड" प्रधानमन्त्रीको तर्फबाट यस अदालतमा परेको लिखित जबाफ।**

८. यसमा प्रस्तुत निवेदन अन्तरिम आदेश सम्बन्धी छलफलका लागि यस इजलास समक्ष विचाराधीन भएतापनि सबै प्रत्यर्थीहरुको लिखित जबाफ परी नसकेको र देहायका गम्भिर सवालहरु सन्निहित भएको देखिएकोले प्रस्तुत रिट निवेदन उपर पूर्ण सुनुवाई नै गरी पूर्ण इजलासबाट निरुपण हुनु उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ (२) बमोजिम संयुक्त इजलासको लगत कट्टा गरी पूर्ण इजलासमा नियमानुसार पेस गर्नू। देहायः-

क) नेपाल सरकार र भारत सरकार बीच सम्पन्न भएको Long-Term Power Trade Agreement, २०२४ को दफा ८ समेतका व्यवस्थाहरु नेपालको जलस्रोत एवम् विद्युत उपयोग सम्बन्धमा दीर्घकालीन रुपमा असर पार्ने प्रकृतिको हुन होइनन् भन्ने सम्बन्धमा विहंगम व्याख्या हुनपर्ने देखिएको,

ख) उक्त सम्झौता नेपालको संविधानको धारा २७९ एवम् नेपालको सन्धि ऐन, २०४७ का कानूनी व्यवस्था बमोजिम जलस्रोतको उपयोगको बाँडफाँड हो वा जलविद्युतको विकास र उपयोग सम्बन्धमा दुई देश बिचको व्यापार कारोवारबाट हुन सक्ने करारीय प्रकृतिको परिणाम श्रृजित गर्ने विद्युत खरिद बिक्री सम्झौता (Agreement) सम्म हो भन्ने सवालको विवेचना हुनुपर्ने देखिएको,

ग) दुई देश वीच जल विद्युत सम्बन्धमा भएको उक्त सम्झौता नेपालको संविधानको धारा २७९ को उपधारा (२) बमोजिम संघीय व्यवस्थापिका संसदको दुवै सदन वा प्रतिनिधि सभाबाट पारित हुनुपर्ने अवस्थायुक्त हो होइन भन्ने सवालको निरुपण हुनुपर्ने देखिएको,

घ) उक्त सम्झौताका व्यवस्थाहरु अन्तराष्ट्रिय सन्धि सम्झौतामा भएका मूल्य मान्यता (Jus Cogens) एवम् Vienna Convention on the Law of Treaties, 1969 अनुकूल र

सँगतपूर्ण देखिन्छ देखिँदैन भन्ने सवालको निराकरण हुनुपर्ने देखिएको समेतका अवस्थाहरुको विद्यमानता रहेको देखिएको।

अतः रिट निवेदनमा सन्निहित समग्र सवालको प्रकृति, परिणाम एवम् गम्भीरता तथा दुई देश बिच भएको जलविद्युत खरिद बिक्री सम्बन्धी संवेदनशीलता समेतलाई दृष्टिगत गरी प्रस्तुत रिटको शिघ्र कारबाही किनारासमेत हुनुपर्ने देखिएकोले मिति २०८०।११।२९ गते पूर्ण सुनुवाईको लागि पेशी राखी सो पेशी कुनै पनि पक्षबाट स्थगित गर्न नपाउने तथा आफूसँग रहे भएका सम्पूर्ण प्रमाण कागजात सहित उपस्थित हुन (Amicus Curiae) का तर्फबाट उपस्थित हुनुहुने विद्वान् अधिवक्ता समेतका सम्बन्धित पक्षहरुलाई जानकारी गराउनू भन्ने बेहोराको **यस अदालतको संयुक्त इजलासको मिति २०८०।११।१३ को आदेश।**

९. यसमा निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरुबाट र प्रत्यर्थीहरुको हकमा महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०८१।०६।१३ गतेसम्ममा लिखित बहसनोट पेस गर्न लगाई मिति २०८१।०७।०४ गते नि.सु. को लागि पेस गर्नू भनी यस अदालतबाट मिति २०८१।०५।१३ मा भएको आदेश।

१०. यसमा दुवै पक्षबाट पेस भएको बहसनोट मिसिल सामेल रहेको।

## आदेश खण्ड

११. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा समावेश भई निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनपत्र सहित मिसिल संलग्न कागजातहरु अध्ययन गरियो।

१२. निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, डा. श्री सुरेन्द्रराज भण्डारी, श्री टीकाराम भट्टराई, श्री मेघराज पोखरेल तथा विद्वान् अधिवक्ताहरु डा. श्री भिमार्जुन आचार्य, श्री कनकमणी दिक्षित, श्री सुलभ खरेल तथा निवेदक सूर्यनाथ उपाध्याय स्वयमले नेपाल सरकार र भारत सरकारका बिचमा Long-Term Power Trade सम्बन्धमा ४ जनवरी २०२४ मा भएको सम्झौताको वास्तविक प्रतिलिपि माग गर्दा दिन इन्कार गरिएको हुँदा सो सम्झौता आम नेपाली नागरिकले पढ्न, बुझ्न र छलफल गर्न पाउनको लागि सार्वजनिक गर्न जरुरी छ। उक्त Long-Term Power Trade Agreement, 2024 सन्धि हो। उक्त सम्झौता अन्तराष्ट्रिय कानून मुताबिक सन्धि नै रहेको साथै "दुई वा दुई भन्दा बढी मुलुकहरुका बिचमा कानूनी सम्बन्ध स्थापित गर्ने दस्तावेजलाई जे जुन नामाकरण गरे पनि सो दस्तावेजलाई सन्धि भनिन्छ" भनी बालकृष्ण न्यौपाने विरुद्ध

प्रधानमन्त्री गिरीजा प्रसाद कोइरालासमेत भएको टनकपुरको मुद्दा (नेकाप २०५४ नि.नं. ६३१३ अंक १)मा यसै अदालतबाट सन्धि सम्बन्धी भएको व्याख्या अनुसार पनि सो सम्झौता सन्धि नै रहेको तथ्यमा कुनै विवाद छैन। सन्धि ऐन, २०४७ को दफा ३ अन्तर्गत पूर्णाधिकार प्राप्त नगरी सम्पन्न गरिएको सो सन्धि उक्त दफा प्रतिकुल भएको हुँदा सो सन्धिलाई उत्प्रेषणको आदेशले बदर गरिनुपर्दछ। सरकार र कम्पनीका बिचमा भएको सम्झौता मात्र करारिय प्रकृतिको सम्झौता हुन्छ भनी यसै अदालतबाट अपर कर्णालीको मुद्दा (०७९-WC-००५७), पश्चिमी सेतीको मुद्दा (ने.का.प. २०७०, नि.नं. ८९८२) एवम् अधिवक्ता माधव बस्नेतसमेत विरुद्ध नेपाल सरकारसमेत भएको मुद्दा (ने.का.प. २०७२, नि.नं. ९४१२) हरुमा सिद्धान्त स्थापित भइसकेको हुँदा उक्त Power Trade Agreement, 2024 करारिय सम्झौता नभएर दुई राज्यका बिचमा भएको सम्झौता अर्थात सन्धि भएको प्रष्ट छ र उक्त सन्धि नेपालको संविधानको धारा २७९(२) को प्रकृया पुरा नगरी लागु गर्न मिल्ने होइन। अतः सो प्रकृया पुरा नगरी उक्त सन्धि लागु गर्ने कार्य उत्प्रेषणको आदेशले बदर हुनुपर्दछ। सन्धिको बिषयमा कुनै विवाद सिर्जना भएमा एउटा देशले अर्को देशको अदालतमा मुद्दा दायर गरी अर्को देशको सार्वभौमिकताको अधिनस्थ आफूलाई राख्न सक्दैन। त्यसैले उक्त सम्बन्धमा विवाद सिर्जना भएमा नेपालले भारतको अदालतमा भारत सरकार विरुद्ध मुद्दा दायर गर्न र भारत सरकारले नेपाल सरकार विरुद्ध नेपालको अदालतमा मुद्दा दायर गर्दैनन्। सो Power Trade Agreement, 2024 का सम्बन्धमा उठेको विवाद समाधान गर्न घरेलु कानूनको प्रयोग गरी सम्बन्धित देशका अदालतबाट विवाद समाधान गर्ने कुरा पनि उल्लेख गरिएको छैन। न त अन्य कुनै देशको कानून बमोजिम विवाद समाधान गर्ने भनेर (lex fori) कानूनको छनौट नै गरेका छन्। बरु आपसी सहमतिमा विवाद समाधान गर्ने, दुई देश बिचमा भएका अन्य द्विपक्षीय सम्झौता र अन्य मुलुकहरुसँग भएका अन्य सम्झौताहरुलाई पनि असर पार्न नपाइने भन्ने प्रतिबद्धता उल्लेख गरिएको पाइन्छ। जसले गर्दा उक्त Power Trade Agreement, 2024 अन्तर्गत विवाद समाधानको प्रकृया पनि अन्तराष्ट्रिय कानूनद्वारा नै निर्देशित हुने प्रकृतिको भएको प्रष्ट छ। Electricity Demand Forecast Report (2015-204) का अनुसार नेपालको आर्थिक वृद्धिदर ४.५% भएको खण्डमा सन् २०३५ देखि २०४० सम्म नेपाललाई नै २६,८१९.२२ मेगावाट बिजुली आवश्यक पर्दछ भने नेपालको आर्थिक वृद्धिदर उच्च रहेको खण्डमा यो आवश्यकता झन् बढ्नेमा कुनै दुविधा छैन। नेपालले आफ्नो लक्ष्य बमोजिम विद्युत

उत्पादन गर्न सकेको खण्डमा उक्त अवधिभित्र २५,००० देखि ३०,००० मेगावाटसम्म विद्युत उत्पादन हुन सक्ने सम्भावना छ। अर्थात १०,००० मेगावाट भारतलाई बेच्ने हो भने नेपाल आफैं विद्युतको अभावमा रहनुपर्ने हुन्छ र विकासका सबै सम्भावना अवरुद्ध हुन्छन्। त्यसैले यस्तो कार्यबाट राष्ट्रको हित हुन सक्दैन। तसर्थ संसदीय क्षेत्राधिकार भित्र प्रवेश गरी संसदीय प्रकृया पुरा नभएसम्म उक्त सन्धि कार्यान्वयन हुँदा संवैधानिक सर्वोच्चता र विधायिकी अधिकार र प्रकृयासमेत उपेक्षित हुन्छ। त्यसैले विद्युत व्यापारको नाममा जलस्रोतको एकतर्फी, सित्तै र असमन्यायिक किसिमले छिमेकी मित्रराष्ट्र भारतले प्रयोग गर्न पाउने गरी गरिएको उक्त सम्झौता राष्ट्र हित प्रतिकुल भएको हुँदा विद्युत व्यापार सँग-सँगै जलस्रोतको उपयोगको पनि समन्यायिक बिक्री वितरण गरी नेपालले लाभ प्राप्त गर्ने गरी उक्त सन्धि परिमार्जन नगरी सो सन्धि लागु गर्न मिल्ने देखिँदैन। साथै नेपाल सन्धि ऐनमा प्रयुक्त "व्यवस्थापिका-संसद" हालको नेपालको संविधानले नचिनेको हुँदा सन्धि ऐनलाई संविधान अनुकुल हुने गरी परिमार्जन गर्न आवश्यक भएकोले तत्कालै उक्त सन्धि ऐनलाई संविधान अनुकुल परिमार्जन गर्नु भनी विपक्षीहरुका नाउँमा परमादेश लगायतका उपयुक्त आदेश जारी हुनुपर्दछ भनी बहस गर्नुभयो।

१३. त्यसैगरी प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेतको तर्फबाट उपस्थित हुनु भएका माननीय महान्यायाधिवक्ता श्री दिनमणी पोखरेल, नायव महान्यायाधिवक्ताद्वय डा. श्री टेकबहादुर घिमिरे, श्री खेमराज ज्ञवाली र सह-न्यायाधिवक्ता श्री गोविन्द खनालले प्रस्तुत विषय नीतिगत एवम् कार्यकारिणी क्षेत्राधिकारको विषय हो। जहाँ कानून स्पष्ट छ त्यहाँ रिट जारी हुने अवस्था हुँदैन। कानून बमोजिम कार्यकारिणी निकायले गरेको विद्युत व्यापार सम्झौता आफैंमा एक व्यापारको रणनीति पनि हो। प्रत्येक देशसँग हुने विद्युत सम्झौता सबै संसदबाट अनुमोदन हुनुपर्छ भन्ने तर्क कानूनतः मिल्दैन। Long-Term Power Trade Agreement, 2024 विशुद्ध विद्युत व्यापारको विषय भएको तथा राष्ट्रिय हितको लागि गरिएको हो। नेपालको संविधानको धारा २७८ र २७९ मा सन्धि सम्पन्न गर्ने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्ने विषयलाई व्यवस्थित गरिएको छ। निवेदकले उठान गर्नुभएको सम्झौता नेपालको संविधानको धारा २७९ को परिधिभित्र नपर्ने देखिन्छ। विद्युत व्यापारको विषय प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडको विषयसँग सम्बन्धित नरहेकोले निवेदन दाबी अनुसार उक्त सम्झौता पारित गर्न संविधानको धारा २७९(२) को प्रकृया पुरा गर्नुपर्ने होइन। निवेदकले सम्झौताको प्रतिलिपि

माग गर्दा प्राप्त नभएको भनी एकातिर उल्लेख गर्नुभएको छ भने अर्को तर्फ अनौपचारिक रुपमा प्राप्त समौझताको अध्ययन गर्दा देखिएको भनी विभिन्न जिकिर लिएको देखिन्छ। निवेदकले सन्धि ऐन, २०४७ को दफा ३ बमोजिम पूर्णाधिकार विना सन्धि सम्पन्न गरेको जिकिर लिनु भएको छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ६ मा भएको कानूनी व्यवस्था हेर्दा नेपाल सरकारको हस्ताक्षर गरी सन्धि लागु गर्न सक्ने प्रावधान बमोजिम दफा ४ वा संविधानको धारा २७९(२) मा उल्लेख भएका विषयका सन्धिहरु बाहेक अन्य जुनसुकै विषयका सन्धिमा नेपाल सरकारको निर्णयबाट हस्ताक्षर गरिसकेपछि त्यस्तो सन्धिमा नेपाल वा नेपाल सरकार पक्ष भएको र त्यस्तो सन्धि स्वीकृत भएको मानिनेछ भन्ने कानूनी व्यवस्था बमोजिम नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८०।०२।१४ मा नेपाल-भारत बिच दीर्घकालीन विद्युत व्यापार गर्ने सम्बन्धी संलग्न Agreement between the Government of Nepal and the Government of the Republic of India on Long-Term Power Trade स्वीकृत गर्ने र उल्लेखित सम्झौता नेपालको तर्फबाट हस्ताक्षर गर्न उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयको सचिबलाई अख्तियारी दिने निर्णय भए बमोजिम भएको प्रस्तुत Long-Term Power Trade Agreement, 2024 सम्झौतामा नेपाल सन्धि ऐन, २०४७ को दफा ३ आकर्षित नै हुने देखिँदैन। निवेदकले निवेदनमा धारा २७९(२) बमोजिम प्राकृतिक स्रोतको विषयसँग जोडिएको विषयमा प्रतिनिधिसभा समक्ष पेस नगरी प्रकृया अगाडि बढाउने कार्य भएको भनी उल्लेख भएको छ। सो सम्बन्धमा Agreement between the Government of Nepal and the Government of the Republic of India on Long-Term Power Trade सम्झौता नेपालको संविधान, नेपाल सन्धि ऐन, २०४७ र Vienna Convention on the Laws of Treaties, 1969 को आधारमा भएको सन्धि हो। सम्झौताको दफा १ मा सम्झौता सम्बन्धित देशको कानून बमोजिम लागु हुनेछ भनी उल्लेख भएको छ। सम्झौताले प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडको विषयलाई नसमेटी केवल उत्पादन भएको विद्युतको व्यापारको विषयलाई मात्र समेटेको र यो कुनै विदेशी राज्य वा सरकारसँगको सन्धि, सम्झौता नभएको हुनाले सम्झौतालाई संसदको अनुमोदन आवश्यक पर्दैन। रिट निवेदकले आफ्नो निवेदन जिकिरमा उल्लेख गरेका कुराहरुले उर्जा क्षेत्रमा संयुक्त लगानीलाई प्रोत्साहन र सहजीकरण गर्ने सन्दर्भमा सम्पन्न भएको Agreement between the Government of Nepal and the Government of the Republic of India on electric power trade, cross border transmission inter-connection and grid connectivity, 2014 को धारा ३ विपरीत रहेको छ। ऐ. को धारा ३ ले उर्जा क्षेत्रमा

संयुक्त लगानीलाई प्रोत्साहन र सहजीकरण गर्ने दुवै पक्षको प्रतिवद्धता र पारस्परिक सहमतिका शर्तहरुमा प्रत्येक राष्ट्रको प्रचलित कानून बमोजिम उर्जा व्यापार बढाउन दुई देश बिचको सहकार्यलाई बढावा दिने कुरामा जोड दिएको छ। यसर्थ, निवेदकले दायर गरेको रिट निवेदनले उर्जा क्षेत्रमा दुई पक्षीय सहयोगको भावना र पारस्परिक लाभका लागि पहिचान गरिएका अवसरहरुलाई समेत कमजोर पार्न सक्ने भएको प्रस्तुत रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस गर्नुभयो।

१४. यस अदालतबाट भएको आदेशानुसार अदालतको सहयोगी (*amicus curiae*) को रुपमा नेपाल बार एशोसिएसनको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री केदार कार्कीले विवादित सम्झौतामा विद्युत उत्पादनको कुरा नभई बिक्री सम्मको उल्लेख भएको छ। सो सम्झौता संसदलाई जानकारी दिनुसम्म ठीकै हो तर संसदमा जाने विषय होइन। अनुमोदन भनेको सधै संसद् बाट मात्र हुन्छ भन्ने हुँदैन कतिपय अवस्थामा Cabinet बाट पनि हुन्छ। अन्तरदेशीय विद्युत व्यापार नेपालको लागी नविनतम विषयवस्तु रहेको छ। यो २०२४ को सम्झौतालाई सन्धि मान्ने कि नमान्ने भन्ने सन्दर्भमा सन्धि ऐनलाई टेक्ने हो भने सन्धि मान्नुपर्छ, Vienna Convention on law of treaties अनुसार अन्तराष्ट्रिय स्तरमा दायित्व र कर्तव्य निर्वाह गर्ने अभिप्राय राखेको रहेछ भने सन्धि मान्नुपर्छ तर राखेको रहेनछ भने यो सन्धि मान्नु हुँदैन। दीर्घकालीन सम्झौता गर्दा लामो समयसम्म व्यापार गर्न पाइन्छ भन्ने हो। अहिलेको विद्युत व्यापार सम्झौतामा विवाद भए २०१४ को सम्झौताको दफा ७ बमोजिम गर्ने भन्ने पनि छ। तसर्थ प्रस्तुत सम्झौता दुवै देशलाई फाइदा हुने गरी कार्यान्वयन हुनुपर्छ भनी बहस गर्नुभयो।

१५. साथै यस अदालतबाट भएको आदेशानुसार अदालतको सहयोगी (*amicus curiae*) को रुपमा सर्वोच्च अदालत बार एशोसिएसनको तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री सेमन्त दाहालले नेपाल र भारत सरकारका बिचमा ४ जनवरी २०२४ मा हस्ताक्षर भएको दीर्घकालीन विद्युत व्यापार सम्झौता (LTPTA) विशुद्ध रूपमा उत्पादित विद्युतको व्यापार र बजार पहुँचमा सहजीकरण गर्ने उद्देश्यले अभिप्रेरित छ। यस सम्झौतामा नेपालको जलस्रोत वा अन्य कुनै प्राकृतिक स्रोतको उपयोग र बाँडफाँड (Water Sharing) सम्बन्धी कुनै पनि प्रावधान वा सर्तहरू उल्लेख गरिएका छैनन्। कानुनको व्याख्या र प्रयोगका स्थापित सिद्धान्तहरूका आधारमा हेर्दा यस सम्झौताको आशय वा कार्यान्वयनबाट नेपालले आफ्नो जलस्रोतको उपयोगको अधिकार अन्य राष्ट्रलाई सुम्पिनुपर्ने अवस्था देखिँदैन, जसका कारण

यसलाई प्राकृतिक स्रोतको बाँडफाँडसँग सम्बन्धित गम्भीर प्रकृतिको सम्झौता मान्न मिल्दैन। नेपालको संविधानको धारा २७९ ले प्राकृतिक स्रोत र त्यसको उपयोगको बाँडफाँडसँग सम्बन्धित सन्धि वा सम्झौतालाई मात्र संघीय संसदको दुवै सदनको बहुमतबाट अनुमोदन हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ। तर, यो सम्झौता केवल विद्युत क्रय-विक्रय (PPA) का विभिन्न विकल्पहरू (दीर्घकालीन, मध्यकालीन र अल्पकालीन) खोल्ने व्यापारिक प्रकृतिको लिखत मात्र भएकाले यसलाई संसदीय अनुमोदनको प्रक्रियामा लैजानु आवश्यक देखिँदैन। कुनै खास जलविद्युत परियोजना विकास गर्दा जलस्रोतको बाँडफाँड जोडिएको अवस्थामा मात्र छुट्टै कानुनी परीक्षण आवश्यक हुने भए तापनि, यो व्यापारिक सहजीकरणको दस्तावेज भएकाले यसलाई प्रतिनिधि सभाबाट अनुमोदन गराउनुपर्ने संवैधानिक बाध्यता विद्यमान छैन **भनी बहस गर्नुभयो।**

१६. निवेदक र प्रत्यर्थीहरु तर्फबाट पेश भएको बहसनोटमा पनि यिनै कुराहरुमा थप प्रकाश पारिएको पाइयो।

१७. यसमा नेपाल सरकार र भारत सरकार बिच सन् २०२४ जनवरी ४ मा भएको Long Term Power Trade Agreement, 2024 नामको सम्झौता हुँदा नेपाल सन्धि ऐन, २०४७ को दफा ३ बमोजिम हस्ताक्षरकर्तामा पूर्णाधिकार नरहेको, सो सम्झौता नेपालको संविधानको धारा २७९(२) अन्तर्गतको विषयमा आधारित रहेको र उक्त धाराको प्रकृया पूरा नगरी सम्झौता लागु हुन नसक्ने, सम्झौता राष्ट्र हित प्रतिकुल र असमन्यायिक रहेको, लामो समयसम्म पनि नेपाल सन्धि ऐन, २०४७ मा उल्लिखित "व्यवस्थापिका संसद" जस्ता शब्दावलीहरु नेपालको संविधान बमोजिम संशोधन नगरिएको, नेपालमा विद्युत उत्पादनसँग सम्बन्धित निर्माण भएका जलाशयबाट सिंचित वा सिर्जित पानी निकास गर्दा सो निकासबाट तल्लो तटीय क्षेत्रमा पर्ने भारतीय पक्ष लाभान्वित भएको तर सो वापत नेपाललाई शुल्क वा रोयल्टी नतिर्ने अवस्था रहेको हुँदा सो सम्झौता उत्प्रेषणको आदेशले बदर गरी संविधान तथा कानूनका प्रावधानको अवलम्बन गर्ने गरी राष्ट्रिय हितमा आधारित सम्झौता गर्ने, गराउन, प्रचलित सन्धि ऐन संशोधन गर्ने, तल्लो तटीय क्षेत्रको लाभको बाँडफाँडको विषयमा आवश्यक नीति, कानून निर्माण गर्ने लगायतको विषयमा प्रत्यर्थीहरुको नाममा परमादेशसमेत जारी गरी पाउँ भन्ने मुख्य निवेदन दाबी रहेको देखियो। प्रत्यर्थीहरुको लिखित जबाफमा मुलुकको कार्यकारी निकायले मुलुकको आवश्यकताका आधारमा गरेको काम कारबाहीको विषयमा अनावश्यक आशंका गरी रिट दायर गर्न मिल्ने होइन, प्रस्तुत

सम्झौता सन्धि नभई सम्झौता रहेको र सो मा नेपाल सन्धि ऐन, २०४७ को दफा ३ आकर्षित नै हुँदैन, सो सम्झौता प्रकृतिक स्रोत साधनको बाँडफाँडसँग सम्बन्धित विषय नभएर केवल विद्युत व्यापार गर्ने विषयसँग सम्बन्धित रहेको तथा रिट निवेदकले दायर गरेको रिट निवेदनले उर्जा क्षेत्रमा दुई पक्षीय सहयोगको भावना र पारस्परिक लाभका लागि पहिचान गरिएका अवसरहरुलाई समेत कमजोर पार्न सक्ने भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोरा उल्लेख भएको पाइयो।

१८. दुवै पक्षबाट लिइएका जिकिरहरु, Long Term Power Trade Agreement, 2024 सम्झौता लगायत मिसिल संलग्न कागजहरु, दुवै पक्षबाट आएका बहस र पेश गरिएका बहसनोटहरु समेतको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरुको निरुपण गरिनुपर्ने देखिन्छः

क) प्रस्तुत विवादलाई सार्वजनिक हक तथा सरोकारको विषयको रुपमा अदालतमा ल्याउन पाउने हकदैया यी रिट निवेदकको छ वा छैन?

ख) Agreement Between the Government of Nepal and the Government of the Republic of India on Long Term-Power Trade, 2024 (यस आदेशमा यसपछि LTPTA, 2024 भनिएको) नेपालको संविधानको धारा २७९ बमोजिम संसदबाट अनुमोदन गर्नुपर्ने प्रकृतिको सन्धि हो वा होइन?

ग) LTPTA, 2024 सम्पन्न गर्दा नेपाल सन्धि ऐन, २०४७ को दफा ३ बमोजिम सन्धिमा हस्ताक्षर गर्न आवश्यक अधिकार प्रत्यायोजन भएको छ वा छैन?

घ) LTPTA, 2024 सम्पन्न गर्नाले नेपालको जलस्रोत माथि वाह्य एकाधिकारलाई मजबूत बनाई नेपालको जलश्रोत एवं विद्युत उपयोगको सम्बन्धमा दिर्घकालीन रुपमा असर पार्ने प्रकृतिको हो वा होइन?

ङ) निवेदकको माग बमोजिम LTPTA, २०२४ सार्वजनिकीकरण गर्नु पर्ने प्रकृतिको दस्तावेज हो वा होइन?

च) निवेदकको माग बमोजिम आदेश जारी हुनुपर्ने हो वा होइन?

१९. सर्वप्रथम **प्रस्तुत विवादलाई सार्वजनिक हक तथा सरोकारको विषयको रुपमा अदालतमा ल्याउन पाउने हकदैया यी रिट निवेदकको छ वा छैन** भन्ने प्रश्नतर्फ विचार गर्दा, के कस्तो विषयवस्तु सार्वजनिक सरोकारको हुने भनी हेर्नुपर्ने देखियो। यस सन्दर्भमा

"सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरुको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपाल अधिराज्यको सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित भएको विवाद हो। कुनै विवाद सार्वजनिक हक वा सरोकारको हो वा होइन भन्ने कुराको निर्णय त्यो विवाद सर्वसाधारण जनताको वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित छ वा कुनै खास व्यक्ति वा व्यक्तिहरुको हक वा सरोकारसँग सम्बन्धित छ भन्ने आधारमा गर्नुपर्ने" भनी यसै अदालतबाट निवेदक राधेश्याम अधिकारी विरुद्ध श्री ५ को सरकार मन्त्री परिषद् सचिवालय, सिंहदरबारसमेत[1] भएको मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यसैगरी अधिवक्ता बालकृष्ण न्यौपाने विरुद्ध प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालासमेत[2] भएको मुद्दामा, प्रधानमन्त्रीले भारत भ्रमणकालमा भारतसँग गर्नुभएको समझदारीहरूको वर्गीकरण तथा संसदीय अनुमोदन सम्बन्धी निवेदन प्रस्तुत गर्न निवेदकको हकदैया रहे नरहेको विषयमा "देशको प्राकृतिक स्रोत राष्ट्रिय सम्पदा हो, त्यो देशका सबै नागरिकहरुको साझा सम्पत्ति हो। देशको आर्थिक विकास, वातावरण संरक्षण इत्यादि विभिन्न दृष्टिकोणहरुबाट देशका नागरिकहरुको त्यस्तो श्रोतमा सार्थक सरोकार रहेको हुन्छ। त्यसैले त्यस्तो स्रोतको उपयोगको सम्बन्धमा अरु देशसँग नेपालको के कस्तो सन्धि, सम्झौता वा समझदारी भएको छ भनी कुनै नागरिकले चासो देखाउँछ भने त्यसलाई अस्वभाविक वा अनुचित भन्न मिल्दैन। कुनै अन्य देशसँग सन्धि वा सम्झौता गरेर वा कुनै सहमतिमा पुगेर श्री ५ को सरकारले कुनै दायित्व ग्रहण गर्न कबुल गर्छ भने त्यो दायित्व श्री ५ को सरकारको सम्बन्धित पदाधिकारी वा कुनै व्यक्ति विशेषको दायित्व नभएर राष्ट्रिय दायित्व हुन्छ। त्यसबाट पर्ने अनुकूल वा प्रतिकूल असर र त्यसको लाभ वा हानी पुरै देशले व्यहोर्नु पर्छ। राष्ट्रिय हक वा दायित्वको सृजना हुने यस्तो कुनै व्यवहारको सम्बन्धमा श्री ५ को सरकारसँग आवश्यक जानकारी माग्ने र संवैधानिक व्यवस्थाको बर्खिलाप कुनै काम कुरा भए गरेको देखिएमा त्यस्को विरोध गरी संविधानको धारा ८८ को उपधारा (२) अन्तर्गत निवेदन दिने अधिकार प्रत्येक नागरिकलाई प्राप्त छ" भनी व्याख्या गरेको पाइन्छ।

---

[1] ने.का.प. २०४८, अंक १२, नि.नं. ४४३०

[2] ने.का.प. २०५४, अंक १, नि.नं. ६३१३

२०. सामान्यतया कुनै विषयलाई सार्वजनिक सरोकारको विषय मानिनको लागि केही आधारभूत मापदण्डहरू पूरा भएको हुनुपर्छ। सर्वप्रथम, त्यो विषयले समाजको ठूलो हिस्सा वा बृहत् जनसमुदायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित गर्ने हुनुपर्छ। यसको साथै त्यो विषय सार्वजनिक महत्वको हुनुपर्छ, अर्थात् त्यसले सामाजिक, आर्थिक, सांस्कृतिक वा वातावरणीय क्षेत्रमा उल्लेखनीय प्रभाव पार्ने खालको हुनुपर्छ। त्यसैगरी, सार्वजनिक सरोकारको विषय सामूहिक हित र अधिकारसँग जोडिएको हुनुपर्छ। यस्ता विषयहरूमा व्यक्तिगत स्वार्थ भन्दा पनि समुदाय वा समाजको बृहत्तर हितको सवाल समावेश भएको हुन्छ। साथै, त्यस विषयमा कानूनी वा संवैधानिक प्रश्न उठेको हुनुपर्छ, जसले गर्दा न्यायिक हस्तक्षेपको आवश्यकता महसुस गरिएको हुन्छ। यसका अलावा सार्वजनिक सरोकारको विषय सार्वजनिक जवाफदेहितासँग सम्बन्धित हुनुपर्छ। यसमा सरकारी निकाय वा सार्वजनिक संस्थाहरूको कार्य वा निर्णयको पारदर्शिता र जवाफदेहिताको प्रश्न समावेश भएको हुन्छ। यी सबै मापदण्डहरू पूरा भएको अवस्थामा मात्र कुनै विषयलाई सार्वजनिक सरोकारको विषय मानी न्यायिक उपचारको लागि अदालत प्रवेश गर्न सकिन्छ। प्रस्तुत रिट निवेदनमा निवेदकले उल्लेख गरेको विवादित LTPTA, 2024 सम्झौता नेपाल र भारत सरकार बिच विद्युतको व्यापारसँग सम्बन्धित रहेको भन्ने तथ्यमा कुनै विवाद छैन। जब नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा कुनै सम्झौता वा प्रतिबद्धता गर्छ, त्यसको प्रभाव र दायित्व सरकार तथा नागरिक दुवैले बहन गर्नुपर्ने हुन्छ। शक्ति पृथकीकरणको सिद्धान्त र कानुनी शासनको आधारमा, सरकारले अन्तराष्ट्रिय मञ्चमा गरेका निर्णय र सम्झौताहरूको जवाफदेहिता खोज्ने अधिकार नागरिकहरूसँग हुन्छ। यस अर्थमा यी रिट निवेदक लामो समयसम्म उच्च पदस्थ सरकारी सेवामा कार्यरत भई राज्यका विभिन्न अङ्ग एवम् निकायमा कार्य गर्नुका साथै जलस्रोतका विषयमा अध्ययन अनुसन्धान गरी राष्ट्रिय हित र सरोकारको विषयमा सचेत नागरिक रहेको, निजको अर्थपूर्ण सम्बन्ध (meaningful relation) र तात्विक सरोकार (substantial interest) समेत रहेको देखिएको र निवेदनमा उठाइएका विषयहरु सार्वजनिक सरोकारको विषय रहेकोले संविधानको धारा १३३ को उपधारा (२) बमोजिम यी निवेदकको हकदैया भएकै देखियो।

२१. दोस्रो प्रश्न अर्थात Agreement Between the Government of Nepal and the Government of the Republic of India on Long Term-Power Trade, 2024 (यस आदेशमा यसपछि LTPTA, 2024 भनिएको) नेपालको संविधानको धारा २७९ बमोजिम संसदबाट अनुमोदन

गर्नुपर्ने प्रकृतिको सन्धि हो वा होइन? भन्ने सन्दर्भमा विचार गर्दा, यस सम्झौताको प्रस्तावना तथा दफाहरुको अध्ययन गरी सम्झौताको उद्देश्य बुझ्नु आवश्यक देखिन्छ। LTPTA, 2024 भारत र नेपालको बिचमा सन् २०१४ अक्टोबर २१ मा Agreement Between the Government of Nepal and the Government of the Republic of India on Electric Power Trade, Cross-Border Transmission Interconnection and Grid Connectivity सम्पन्न भएको देखिन्छ। उक्त भारत र नेपालबिच भएको अक्टोबर २१, २०१४ को Parent Agreement को Article IV(c) अन्तर्गत "The Parties shall facilitate the sale and purchase of electric power in respective countries depending on the potential to generate and demand of electricity as may be applicable" भनेर दुवै राज्यले विद्युतीय कारोबार गर्ने प्रतिबद्दतालाई दस्तावेजीकरण गरेका देखियो। यहि प्रतिबद्दता सन् २०२२ को India-Nepal Joint Vision Statement on Power Sector Cooperation तथा सन् २०२३ को Statement by Rt. Hon. Prime Minister Mr. Pushpa Kamal Dahal 'Prachanda' At the Joint Press Meet between the Prime Ministers of Nepal and India को परिच्छेद ८(३) बमोजिम १०,००० मेगावाट सम्मको विद्युतको कारोबार गर्ने गरी निर्दिष्ट भएको हुनाले, प्रस्तुत LTPTA, 2024 यो प्रदिबद्दतालाई कार्यन्वयन गर्ने सम्झौताको (Executory Agreement) रुपमा आएको स्पष्ट छ।

२२. अब LTPTA, 2024 को प्रस्तावनातर्फ हेर्दा परिच्छेद १ मा "**Realizing** the mutual benefit to both countries from trade in hydropower which is a clean, green and sustainable source of energy", परिच्छेद ३ मा "**Acknowledging** the applicable laws, procedures and guidelines of the two countries relating to cross-border import and export of electricity", तथा परिच्छेद ६ मा "**Recalling** the Joint Vision Statement on Power Sector Cooperation issued by the Prime Ministers of India and Nepal on 2 April, 2022 which emphasizes the aspirations of the two countries to: further strengthen mutually beneficial bilateral cooperation in the power sector including…(c) bi-directional power trade with appropriate access to electricity markets in both countries based on market benefits, market demand and applicable domestic regulations of each country…" भनेर लेखिएको छ। प्रस्तावनामा "Trade in hydropower", "cross-border import and export of electricity", तथा "bi-directional power trade" जस्ता वाक्यांश प्रयुक्त यस Long-Term Power Trade Agreement को उद्देश्य स्पष्ट रुपले दुई राष्ट्र बिच दीर्घकालीन विद्युतीय व्यापारको प्रवर्द्धन गर्नु नै रहेको देखिन्छ।

२३. यस सम्झौताको दफा १ मा "The Parties shall: a) Take the necessary steps to encourage mutually-beneficial arrangements for long-term trade of power between Nepal and India. b) Further promote regional cross-border power trade by facilitating arrangements so as to ensure optimum utilization of existing, under-implementation and proposed cross-border transmission lines between the two countries. c)Encourage Indian and Nepali investment into all segments of Nepal's renewable power sector, in particular the hydropower sector. d) Expedite the development of cross-border interconnections between the two countries." भनी उल्लेख भएको पाईन्छ। त्यसैगरी सम्झौताको दफा ५[3] मा दश वर्ष सम्ममा १० हजार मेगावाटसम्मको विद्युत निर्यात गर्ने लक्ष्य पूरा गर्नका लागि नेपाल तथा भारत, दुवैले जलविद्युतको उत्पादन क्षेत्र (Hydropower Generation Sector) तथा प्रसारण पूर्वाधार (Transmission Infrastructure) को विकासका लागि दुवै पक्षलाई फाईदा हुने गरी संयुक्त रुपमा आवश्यक प्रयासहरु गर्ने प्रतिबद्दता जनाएको देखिन्छ । दफा २[4] मा दुई देशहरुबिच विद्युत आयात/निर्यातको लागि सम्बन्धित सरकारहरुको तर्फबाट कार्य गर्न प्रत्येक पक्षले एक निकाय वा सोभन्दा बढी निकायहरुलाई मनोनित गर्न सक्ने र पक्षहरुद्वारा मनोनित गरिएकाहरुसहित सम्बन्धित निकायहरुले नियामक स्वीकृतिहरु प्राप्त गर्ने भनी व्यवस्था रहेको देखिन्छ। त्यस्तै सम्बन्धित निकाय/निकायहरुले विद्युत खरिद/विक्री सम्झौताहरुमा हस्ताक्षर गर्नेछन् र त्यसका लागि महसुल दर (Tarrif) प्रचलित नियामक ढाँचा (Regulatory Framework) बमोजिम तय गरिने र प्रत्येक स्वीकृत जलविद्युत उत्पादन केन्द्रको हकमा विद्युत खरिद/विक्री गरिने अवधीलाई समेट्ने गरी निश्चित मध्यम देखि दीर्घकालीन अवधिसम्मका लागि छुट्टै यस्तो सम्झौता गर्न सकिने व्यवस्था सम्झौताको दफा ३[5] मा गरिएको देखिन्छ। साथै सम्झौताको दफा ६[6] मा यस

---

[3] 5. Both parties shall strive to increase the quantum of export of power from Nepal to India to Ten Thousand Megawatt (10,000MW) within a timeframe of ten years and towards this end take all necessary measures to encourage mutually-beneficial investments in Nepal's hydropower generation sector and transmission infrastructures.

[4] 2. Each party may nominate an entity or entities to act on behalf of the respective Governments for import/export of power between the two countries under this Agreement. All concerned entity/entities including those nominated by the parties shall obtain respective regulatory approvals as applicable.

[5] 3. The concerned entity/entities shall sign power purchase/sale agreement(s) and the tariffs for the same shall be arrived at as per applicable regulatory framework. Such an agreement may be entered into for a specified medium to long-term duration, in respect of each approved hydropower generating station for the duration from which power is to be sourced for sale/purchase.

[6] 6. Any extension in the timeframe or any increase in the quantum of bilateral power trade under this Agreement based on proposals from either side and subject to the capacity of the cross-border transmission

सम्झौता अन्तर्गत द्विपक्षीय विद्युत व्यापारको समयसीमामा गरिने कुनै पनि थप (Extension) वा व्यापारको परिमाण (Quantum) मा गरिने कुनै पनि वृद्धिलाई कुनै पनि पक्षबाट आएको प्रस्तावको आधारमा र सीमापार प्रसारण पूर्वाधारको क्षमता ( Cross-border Transmission Infrastructures) लाई ध्यानमा राख्दै उर्जा क्षेत्रमा भारत-नेपाल सहयोग सम्बन्धी संयुक्त निर्देशक समिति (Joint Steering Committee) वा संयुक्त कार्य समूह (Joint Working Group) द्वारा विचार गरिने व्यवस्था रहेको पाईन्छ। प्रस्तुत सम्झौतालाई यस अगाडिका सम्झौता तथा घोषणाको प्रसङ्ग ध्यानमा राखी सम्झौताको प्रस्तावना, यसका अन्य शर्तहरु हेर्दा यसमा प्रयोग गरिएको भाषा तथा पक्षहरुको दायित्वको विश्लेषण गर्दा, यो LTPTA, 2024 निसन्देह जलविद्युतीय विकास र उपयोग सम्बन्धमा दुई देश बिचको व्यापार कारोबारबाट हुन सक्ने करारिय प्रकृतिको परिणाम सृजित गर्ने विद्युत खरिद बिक्रि गर्ने सम्झौता भएको देखिन्छ।

२४. जहाँसम्म निवेदकले भनेबमोजिम प्रस्तुत सम्झौता प्राकृतिक स्रोतको बाँडफाँडसँग सम्बन्धित छ छैन भन्ने विषयमा विचार गर्दा, यस अघि यस अदालतद्वारा प्रतिपादित नजिरहरुलाई हेर्दा, *"विद्युत भनेको पानीरूपी प्राकृतिक स्रोतबाट भएको उत्पादन हो, जो स्वयं प्राकृतिक स्रोत होइन । विद्युत स्वयंलाई प्राकृतिक स्रोत मान्ने हो भने भूमिबाट उत्पादित अन्न पनि प्राकृतिक स्रोत मान्नुपर्ने र त्यसको निकासी पनि रोक्नुपर्ने अवस्था आउँछ"* भनी गोरख बहादुर वि.सी.समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत[७] भएको रिट निवेदनमा व्याख्या गरिएको देखिन्छ। त्यसैगरी विद्युतको बारेमा स्पष्ट गर्दै रामबन्द्र चटौत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत[८] मुद्दामा यस अदालतले *"विद्युत स्वयं प्राकृतिक स्रोत नभएर जलस्रोत रुपी प्राकृतिक स्रोतको उत्पादित वस्तु वा सेवाको रुपमा लिनु पर्ने हुन्छ । पश्चिम सेतीमा सञ्चालित हुने आयोजनावाट विद्युत उत्पादित भएपछि पनि विद्युत उत्पादन गर्ने जलस्रोत नेपालमा नै रहन्छ र विद्युत उत्पादन गर्ने आयोजना सञ्चालन गर्ने वा नगर्ने अधिकार पनि नेपालमा नै निहित रहने हुन्छ । उत्पादित विद्युत बिक्री गरेको कारणले आयोजनामा प्रयोग हुने जलस्रोत र आयोजनासम्बन्धी अधिकारमा कुनै वाह्य शर्त सिर्जना भएको देखिन्न। यो कारणवाट विद्युत उत्पादन गर्ने स्रोतको रुपमा रहेको*

infrastructures shall be considered by the Joint Steering Committee/Joint Working group on India-Nepal Cooperation in the power sector.

[७] ने.का.प. २०७०, अङ्क ३, नि.नं. ८९८२

[८] ने.का.प. २०६६, अङ्क १, नि.नं. ८०५९

जलस्रोतको बाँडफाँडको अवस्था सिर्जना हुदैन। उत्पादित विद्युत व्यवसायिक आधारमा खरीद बिक्री गर्दा प्राकृतिक स्रोतको बाँडफाँड पनि हुदैन। व्यवसायिक आवश्यकता अनुसार भारतमा उत्पादित विद्युत नेपालमा र नेपालमा उत्पादित विद्युत भारतमा खरीद बिक्री गर्दै आएको प्रचलन समेत रहेकै छ। प्रस्तुत निवेदनमा विवादमा ल्याइएको विषय जलसम्पदाबाट उत्पादित विद्युतको व्यवसायिक उपयोगसँग सम्बन्धित देखिन्छ न कि त्यसको बाँडफाँडसँग। निवेदकहरू प्राकृतिक सम्पदालाई उर्जामा रुपान्तरण गरी गरिने उपयोग र प्राकृतिक स्रोतको बाँडफाँडको विषयलाई छुट्ट्याउन नसकी अलमलिएको जस्तो देखिन आउँछ। यस विषयलाई छुट्टयाएर बुझ्न जरुरी छ।" भनिएको पाइन्छ। यसैगरी अधिवक्ता माधवकुमार बस्नेतसमेत विरुद्ध नेपाल सरकार, मन्त्रिपरिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत[१] भएको रिटमा "विद्युत् स्वयममा प्राकृतिक स्रोत नभई प्राकृतिक स्रोत पानीबाट उत्पादन हुने वस्तु भएकाले अन्य वस्तुसरह विद्युत् व्यापारयोग्य र निर्यातयोग्य वस्तु पनि हो। प्रस्तुत जलविद्युत् आयोजना सम्बन्धमा दुई देशबिच वा अन्तर्राष्ट्रिय अन्तर्सरकारी संगठनबिच प्राकृतिक स्रोत साधनको बाँडफाँडसम्बन्धी सम्झौता नभई प्राकृतिक स्रोतको रूपमा रहेको पानी प्रयोग गरी सो पानीबाट उत्पादित विद्युत्लाई मात्र व्यापारिक सम्झौताबाट व्यवस्थापन गर्ने निश्चित सर्तहरूसहित खास अवधिको लागि अनुमतिसम्म दिइएको हुँदा प्राकृतिक स्रोतको बाँडफाँड गरेको भन्न नमिल्ने।" भनी यसै अदालतबाट नजिर सिद्धान्तसमेत प्रतिपादन भएको अवस्थामा जलविद्युत प्राकृतिक स्रोत नभई केवल उपभोग्य वस्तु (commodity) मात्र रहेको भन्ने कुरालाई थप प्रकाश पारेको देखिन्छ। प्रस्तुत सम्झौता जलस्रोतको बाँडफाँड नभई केवल जलविद्युत व्यापार क्षेत्र (Hydropower Generation Sector) सँग सम्बन्धित रहेको र प्रसारण पूर्वाधार (Transmission Infrastructure) लाई बढावा दिने भएकोले प्रस्तुत सम्झौताबाट प्राकृतिक स्रोतको बाँडफाँड हुने भनी मान्न मिल्ने देखिएन। जहाँसम्म यस सम्झौताको दफा ५ मा ***Take all necessary measures to encourage mutually-beneficial investments in Nepal's hydropower generation sector*** भनिएको छ। "***..to encourage mutually beneficial investment***" भन्नासाथ दुवै पक्षलाई लगानीको निमित्त प्रोत्साहित गरिएको भन्ने सम्म बुझिन्छ। त्यसैले यस सम्झौतामा प्राकृतिक स्रोत तथा त्यसको

---

[१] ने.का.प. २०७२, अङ्क ६, नि.नं. ९४१२

उपयोगको बाँडफाँड सम्बन्धी व्यवस्था गरिएको देखिँदैन ।नेपाल र भारतबिच जलविद्युत लगानी र उत्पादनको निमित्त छुट्टै कानूनबमोजिमको सम्झौता गर्नु पर्ने हुन्छ।

२५. नेपालको संविधानको धारा २७९ मा नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन सम्बन्धमा देहायको संवैधानिक व्यवस्था रहेको छ ।

*(१) मा नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय कानून बमोजिम हुनेछ ।*

*(२) उपधारा (१) बमोजिम कानून बनाउँदा देहायका विषयका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतले गर्नुपर्ने शर्त राखिनेछः-*

*(क) शान्ति र मैत्री,*

*(ख) सुरक्षा एवं सामरिक सम्बन्ध,*

*(ग) नेपाल राज्यको सीमाना, र*

*(घ) प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड ।*

*तर खण्ड (क) र (घ) मा उल्लिखित विषयका सन्धि वा सम्झौता मध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुन सक्नेछ ।*

२६. यसरी नेपालको संविधानको धारा २७९ उपधारा (२) बमोजिम (क) शान्ति मैत्री, (ख) सुरक्षा एवं स्मारिक सम्बन्ध, (ग) नेपाल राज्यको सिमाना, र (घ) प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडसँग सम्बन्धित सन्धि वा सम्झौतालाई संसदको दुवै सदनबाट दुई तिहाइ बहुमतबाट अनुमोदन गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। त्यसैगरी ऐ. धाराको प्रतिबन्धात्मक वाक्यांश मा "तर खण्ड (क) र (घ) मा उल्लेखित विषयका सन्धि वा सम्झौता मध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरुको साधारण बहुमतबाट पारित गरी गर्नुपर्ने" भनी उल्लेख गरेको पाइन्छ। विद्युत प्राकृतिक स्रोत स्वयं

नभएर प्रकृतिको एक प्रशोधित परिणाम मात्र हो। यसैले LTPTA, 2024 सम्झौता प्राकृतिक स्रोतको बाँडफाँड नभई उत्पादित जलविद्युतको उपयोगको विषय/जलविद्युतको उपयोगको विषय हो। जलश्रोतको उपयोग र जलविद्युत उपयोगलाई एउटै प्रकृतिको विषय मान्न मिल्ने देखिएन । त्यसैले प्रस्तुत सम्झौता प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडसँग सम्बन्धित सम्झौता मान्न मिलेन ।

२७. माथिल्ला प्रकरणहरुमा विश्लेषण गरिए अनुसार प्रस्तुत विवादित सम्झौता संविधानको धारा २७९ को उपधारा (२) को खण्ड (घ) बमोजिम प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडसँग सम्बन्धित सम्झौता नभई, जलविद्युतीय उपयोग र जलविद्युतको व्यापार सम्बन्धमा करारिय प्रकृतिको परिणाम सृजित गर्ने विद्युत खरिद बिक्रिसँग सम्बन्धित सम्झौता भएको हुनाले, LTPTA, 2024 लाई संविधानको धारा २७९ को उपधारा (२) वा त्यस उपधाराको प्रतिबन्धात्मक वाक्यांश तथा नेपाल सन्धि ऐन, २०४७ को दफा ४ र ५ अनुसार अनुमोदन गरिरहनु पर्ने देखिएन।

२८. अब **LTPTA, 2024 सम्पन्न गर्दा नेपाल सन्धि ऐन, २०४७ को दफा ३ बमोजिम आवश्यक पूर्णाधिकार प्रदान गरी सम्पन्न भएको हो वा होइन** भन्ने प्रश्नतर्फ विचार गर्दा, प्रत्यर्थी नेपाल सरकारले मिति २०८०।०२।१४ मा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयले Agreement between the Government of Nepal and the Government of Republic of India on Long-Term Power Trade स्वीकृत गर्न र उक्त सम्झौतमा नेपालको तर्फबाट हस्ताक्षर गर्न उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको सचिवलाई अख्तियारी दिनका निम्ति नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ बमोजिमको प्रस्ताव मन्त्रिपरिषदमा पेश भई स्वीकार भएको अवस्था छ। सन् २०१४ मा भारत र नेपाल बिच सम्पन्न भएको Agreement Between the Government of Nepal and the Government of the Republic of India on Electric Power Trade, Cross-Border Transmission Interconnection and Grid Connectivity मा समेत नेपालको उर्जा मन्त्रालयको तत्कालिन सचिवले नै हस्ताक्षर गरेको देखिन्छ। त्यसकारण, उर्जा मन्त्रालयको सचिव गोपाल प्रसाद सिग्देलले प्रचलित कानुन बमोजिम आवश्यक अधिकार प्राप्त गरी सम्झौता सम्पन्न गरेको देखिन्छ। तसर्थ पूर्णाधिकार वा कानूनी अधिकार नभएको व्यक्तिबाट हस्ताक्षर गरी कार्य सम्पन्न गरिएको भन्न मिल्ने देखिएन।

२९. **अब LTPTA, 2024 सम्पन्न गर्नाले नेपालको जलस्रोत माथि वाह्य एकाधिकारलाई मजबूत बनाई नेपालको जलश्रोत एवं विद्युत उपयोगको सम्बन्धमा दिर्घकालीन रुपमा असर पार्ने प्रकृतिको हो वा होइन भन्ने** प्रश्न छ, त्यसमा विचार गर्दा नेपाल सरकारले भारत सरकारसँग गरेको उक्त सम्झौताको दफाहरु हेर्नु पर्ने देखियो।

३०. सम्झौताको दफा १,२, ३ र ४ को समग्रमा विवेचना गर्दा, दफा १ मा "The Parties shall: a) Take the necessary steps to encourage mutually-beneficial arrangements for long-term trade of power between Nepal and India. b) Further promote regional cross-border power trade by facilitating arrangements so as to ensure optimum utilization of existing, under-implementation and proposed cross-border transmission lines between the two countries. c)Encourage Indian and Nepali investment into all segments of Nepal's renewable power sector, in particular the hydropower sector. d) Expedite the development of cross-border interconnections between the two countries. In implementing this agreement, both the parties shall abide by their applicable laws. Regulations and procedures related to cross border trade in power" भनी नेपाल र भारतबीच दीर्घकालीन विद्युत व्यापार, प्रसारण पूर्वाधारको विकास र नवीकरणीय ऊर्जा (विशेष गरी जलविद्युत) मा लगानी प्रवर्द्धन गर्न आ-आफ्नो देशको कानुन बमोजिम सहकार्य गर्ने व्यवस्था रहेको देखिन्छ। दफा २ मा "Each party may nominate an entity or entities to act on behalf of the respective governments for import/expoet of power between the two countries under this agreement. All concerned entity/entities including those nominared by the Parties shall obtain respective regulatory approvals as applicable." भनी दुवै देशले विद्युत आयात-निर्यातका लागि आफ्ना आधिकारिक निकायहरू तोक्न सक्ने र ती निकायहरूले सम्बन्धित देशको नियमनकारी निकायबाट आवश्यक अनुमति लिनुपर्ने उल्लेख भएको छ। दफा ३ मा "The concerned entity/entities shall sign power purchase/sale agreements and the tariffs for the same shall be arrived at as per applicable regulatory framework. Such an agreement may be entered into for a specified medium to long-term duration, in respect of each approved hydropower generating station for the duration from which power is to be sourced for sale/purchase." भनी विद्युत खरिद-बिक्री गर्ने निकायहरूले प्रचलित नियमनकारी ढाँचा अनुसार विद्युत महसुल दर (Tariff) तय गरी प्रत्येक स्वीकृत जलविद्युत आयोजनाका लागि मध्यम वा दीर्घकालीन अवधिको सम्झौता गर्नुपर्ने उल्लेख भएको छ। दफा ४ मा "As specified in the concerned laws and guidelines for approval and facilitating cross border import and export of electricity by the Designated Authority, the concerned entities will apply for approval of Designated authority before any such power

purchase/sale agreements are executed by the concerned entities." भनी उल्लेख भएको छ। यसबाट विद्युत खरिद-बिक्री पूर्व सम्बन्धित निकायहरूले तोकिएको अधिकारी (Designated Authority) बाट प्रचलित कानुन र निर्देशिका बमोजिम स्वीकृति लिनुपर्ने भन्ने देखिन्छ। त्यसैगरी, जलस्रोतबाट विद्युत उत्पादन गर्ने सन्दर्भमा दफा ५ मा "Both parties shall strive to increase the quantum of export of power from Nepal to India to Ten Thousand Megawatts (10,000 MW) within a timeframe of ten years and towards this end take all necessary measures to encourage mutually-beneficial investments in Nepal's hydropower generation sector and transmission infrastructures" भनेर लेखिएको छ। प्रस्तुत सम्झौता नेपालमा उत्पादित विद्युतको लागि विद्युत माग हुन सक्ने भारतको विद्युत बजारमा पहुँच पुर्याउने उद्देश्य राखी दीर्घकालीन विद्युत व्यापार सम्बन्धी सम्झौता सम्पन्न गरिएको देखिन्छ।

३१. उपरोक्त प्रावधानहरुबाट नेपाल र भारतबीचको यो सम्झौताले दुई देशको प्रचलित कानुन र नियमनकारी ढाँचाको अधीनमा रही दीर्घकालीन विद्युत व्यापार, पूर्वाधार विकास र जलविद्युतमा लगानी प्रवर्द्धन गर्ने लक्ष्य राखेको देखिन्छ जसका लागि दुवै देशले आधिकारिक निकायहरू तोक्ने र ती निकायहरूले सम्झौता गर्नुअघि 'निर्दिष्ट अधिकारी' बाट अनिवार्य स्वीकृति लिनुपर्ने देखिन्छ। यो सम्झौतामा उल्लेखित दश हजार मेगावाटको लक्ष्यलाई निरपेक्ष (absolute) नभई उत्पादनको अधिकतम सीमा (production ceiling) का रुपमा ग्रहण गर्नु पर्ने देखिन्छ। नेपालमै विद्युत आवश्यक भएमा यस सम्झौताले त्यस्तो आवश्यकता पुरा गर्न वा नेपालमै विद्युत खपत गर्न बाधा दिदैन । सम्झौताले तोकेको सो लक्ष्यलाई नेपालले पूरा गर्न नसकेमा नेपाललाई कुनै कानुनी वा आर्थिक दायित्व सिर्जना गर्ने अवस्था देखिदैन। नेपालमा खपत नभई बढी भएको हदमा मात्र भारतलाई सो दश हजार मेगावाट बिक्रि गर्ने अर्थमा यस सम्झौतालाई बुझ्नुपर्ने हुन्छ ।

३२. उल्लेखित १० वर्षको अवधिमा १० हजार मेगावाट सम्म विद्युत खरिद बिक्री गर्ने प्रतिबद्दताका लागि, दुवै राष्ट्रले पारस्पारिक रुपमा फाइदा हुने गरी जलविद्युत उत्पादन (Hydropower generation) तथा प्रसारण पूर्वाधारहरु (Transmission Infrastructures) मा आवश्यक लगानीको निमित्त आवश्यक पहल गर्ने भन्ने व्यवस्था देखियो। उत्पादित विद्युतको बिक्रि राष्ट्रको आफ्नो आर्थिक समृद्धिका लागि पनि आवश्यक छ। उक्त सम्झौताको खारेजीको सम्बन्धमा दफा ८ बमोजिम "This Agreement shall enter into force upon signature and shall remain in force for a period of twenty-five years, and shall be

automatically renewed thereafter every ten years, unless either Party gives the other Party a written notice six months in advance of its intention to terminate this Agreement" भनी उल्लेख भएको छ जसअनुसार प्रस्तुत सम्झौताको नविकरण हुनु भन्दा ६ महिना अगावै खारेजीका लागि लिखित सूचना बुझाउन सकिने देखियो। विद्युत बिक्रि तथा व्यापार गर्न नचाहेमा, दुवै पक्षले सजिलै सूचना दिई यस सम्झौतालाई खारेज गर्न सकिने देखिन्छ। तसर्थ बाह्य एकाधिकारको अवस्था छ भनी मान्न मिलेन। जहाँसम्म विद्युत महसुल दर (tariff) तथा खुद मूल्य निर्धारण (price fixing) को प्रश्न छ, LTPTA को दफा ३ मा नियामक ढाँचा (applicable regulatory framework) बमोजिम हुनुपर्ने देखिन्छ। यसरी दीर्घकालीन अवधिका लागि सम्पन्न भए तापनि, पक्षहरुको सहमति नभए सम्झौता खारेज गर्न मिल्ने प्रकृतिको देखिँदा निवेदकको माग बमोजिम LTPTA लाई राष्ट्रमाथि दिर्घकालीन नकारात्मक असर पार्ने प्रकृतिको सम्झौता मान्न मिल्ने देखिएन।

३३. अब **निवेदकको माग बमोजिम LTPTA, 2024 सार्वजनिकीकरण गर्नु पर्ने प्रकृतिको दस्तावेज हो वा होइन** भन्ने प्रश्नतर्फ विचार गर्दा, नेपालको संविधानको धारा २७ बमोजिम प्रत्येक नागरिकलाई आफ्नो सरोकार मात्र नभई सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक छ। यस धाराको प्रतिबन्धात्मक वाक्यांश तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा सूचिकृत गोप्य राख्नुपर्ने जानकारी बाहेक अन्य जानकारी सार्वजनिक गर्नुपर्ने, अथवा ऐनले तोकेको प्रक्रिया बमोजिम कुनै नागरिकले कुनै सूचना प्राप्त गर्न चाहेमा उपलब्ध गराउनुपर्ने नै देखिन्छ। भीमराज अधिकारी विरुद्ध राष्ट्रिय सूचना आयोगसमेत[१०] भएको उत्प्रेषणयुक्त प्रतिशेधसमेत मुद्दामा "प्रजातान्त्रिक राज्य व्यवस्थामा हरेक सरकारी काम कारवाहीको जनताले जस्ताको तस्तै सेन्सर नगरी थाहा पाउने हक राख्दछन् र थाहा पाएको हुनुपर्छ। सरकारले आफूले गरेको काम कारवाहीको प्रतिक्रिया (Feedback) जनताबाट अभिव्यक्त विचारबाट नै थाहा पाउने हुँदा जनता सुसूचित हुन अति आवश्यक हुन्छ। प्रजातान्त्रिक राज्य व्यवस्थामा गोप्यता (Secrecy), अपवाद (Exception), सूचनाको पहुँच (Access) र सूचना सम्प्रेषण नियम (Rule) हुनुपर्छ। प्रजातन्त्र खुलापनमा आधारित हुने हुँदा राष्ट्र हित र सार्वजनिक हितको लागि गोप्यता नराखी नहुने केही विषयबाहेक अन्य विषय सरकारले जनतालाई सुसूचित गर्नुपर्ने। गुपचुप र गोप्य राख्न नहुने।" भनी यसै अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ। नेपाल र भारतबिच

[१०] ने.का.प. २०६८, अंक ४, नि.नं. ८५९४

भएको विद्युत व्यापार सम्बन्धी सम्झौता LTPTA 2024 दुई देश बिचको द्विपक्षीय सम्बन्धको महत्वपूर्ण आयाम मात्र नभई नेपालको ऊर्जा क्षेत्र र समग्र अर्थतन्त्रमा प्रभाव पार्ने विषय रहेको देखिन्छ। विशेषगरी नेपालको जलविद्युत क्षेत्रको विकास र विद्युत निर्यातको सम्भावनालाई यस सम्झौताले प्रत्यक्ष प्रभाव पार्ने हुँदा यो नागरिकको बृहत्तर हितसँग जोडिएको विषय पनि हो। यस अवस्थामा उक्त सम्झौताको मूल विषयवस्तु, त्यसका प्रावधानहरू र त्यसले सिर्जना गर्ने अधिकार तथा दायित्वहरूको विषयमा नागरिकलाई जानकारी दिइनु पर्दछ। यसले मात्र लोकतन्त्रको मर्म र भावनालाई साँचो अर्थमा आत्मसात गर्न सकिन्छ। कानून बमोजिम गोप्य राख्नुपर्ने विषयमा बाहेक सार्वजनिक महत्वका विषयमा सरकारले अपनाएको नीति, गरेका निर्णय र कामहरुको सम्बन्धमा जानकारी दिने एकातिर सरकारको कर्तव्य हो भने अर्कोतिर त्यस्तो सूचना माग्ने र पाउने नागरिकको अधिकार नेपालको संविधानको धारा २७ ले सुनिश्चित गरेको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (४) ले तोकेको सीमा बाहेकका विषयमा ऐनले निर्दिष्ट गरेको प्रकृया बमोजिम प्रत्येक नागरिकको सार्वजनिक निकायमा सूचनाको हक रहे भएकै देखिन्छ। तसर्थ, निवेदन मागबमोजिम उक्त LTPTA, 2024 सार्वजनिक गर्नुपर्ने प्रकृतिको नै देखिन्छ।

३४. अब **निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन** भन्ने अन्तिम प्रश्नतर्फ हेर्दा माथि विभिन्न प्रकरणमा उल्लेख गरिए बमोजिम प्रस्तुत LTPTA, 2024 को प्रकृति तथा उद्देश्य हेर्दा, उक्त सम्झौता नेपाल र भारत बिच २०१४ मा सम्पन्न भएको Agreement Between the Government of Nepal and the Government of the Republic of India on Electric Power Trade, Cross-Border Transmission Interconnection and Grid Connectivity को विशेषगरी धारा ४ को कार्यान्वयन गर्नलाई सम्पन्न गरिएको सम्झौता भएको देखिन्छ। उक्त सम्झौतामा प्रसारण पूर्वाधार (transmission infrastructure) तथा ग्रीडसँगको सम्बद्धता (grid connectivity) जस्ता वाक्यांश प्रयुक्त भएको र यस अदालतद्वारा प्रतिपादित नजिर तथा संवैधानिक इजलासको व्याख्याबमोजिम प्रस्तुत LTPTA, 2024 जलस्रोतको उपयोगको बाँडफाँड गर्ने सम्झौता नभई जलविद्युत उपयोगको विषयमा दुई देश बिचको जलविद्युतीय खरिद बिक्रि र व्यापार तथा सोको निमित्त आवश्यक पूर्वाधारका लागि सम्पन्न गरिएको सम्झौतासम्म देखिन्छ। नेपाल सरकार र भारत सरकार बिच भएको उक्त LTPTA, 2024 सम्झौता संविधान वा कानून विपरीत भएको पनि देखिएन।

३५. यसरी प्रस्तुत सम्झौता विद्युत खरिद बिक्रिको व्यापरिक प्रकृतिको भएको, सम्झौतामा प्राकृतिक स्रोत र त्यसको उपयोगको बाँडफाँडको विषय सन्निहित नरहेको, यस सम्झौताका आधारमा दुई देशबिच विद्युत उत्पादन वा प्रशारण लाईनका व्यवस्था स्वतः कार्यान्वयन हुन नसक्ने र भविष्यमा तत्सम्बन्धमा कुनै सन्धि सम्झाता हुंदा त्यसमा चुनौति दिएमा यस अदालतबाट सो समयमा परीक्षण हुन सक्ने नै भएकाले व्यापारिक र करारीय प्रकृतिको यस सम्झौतालाई निवेदकको मागबमोजिम उत्प्रेषणको आदेशले बदर गर्न र यस सम्झौतालाई नेपालको संविधानको धारा २७९ बमोजिम ब्यबस्थापिकाबाट अनुमोदन गराउनु भनी आदेश जारी गरिरहनुपर्ने देखिएन ।

३६. तसर्थ, माथि विवेचित तथ्य र आधार कारणबाट रिट निवेदन मागअनुसार आदेश जारी गर्नुपर्ने आधार र अवस्था विद्यमान रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

३७. रिट निवेदन खारेज हुने भएतापनि निवेदकले उठाएका विद्युत उत्पादन र राष्ट्रिय हित लगायतका विषयहरु संवेदनशील रहेको हुँदा देहाय बमोजिम गर्नू भनी नेपाल सरकार मन्त्रिपरिषदका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छः

क) नेपाल सन्धि ऐन, २०४७ को दफा १० मा यस ऐनको दफा ६ बमोजिम नेपाल सरकारले स्वीकार गरेका सन्धिहरुको सूचना व्यवस्थापिकामा पेश गर्नुपर्ने हुँदा प्रस्तुत सम्झौता जानकारीका लागि तीस दिनभित्र संसदका दुवै सदनमा पठाउनू ।

ख) नेपाल सन्धि ऐन, २०४७ को दफा १२ बमोजिम प्रस्तुत सम्झौता नेपाल राजपत्रमा प्रकाशन गर्नू ।

ग) यस सम्झौता अनुसार विद्युत व्यापार (power trade), ग्रीड जडान (grid connection), प्रसारण पूर्वाधार (transmission infrastructure) को विस्तार गर्दा राष्ट्रिय हित प्रतिकुल नहुने गरी अन्तराष्ट्रिय सम्बन्ध र समन्वय (international cooperation) को सिद्धान्तबमोजिम सम्झौताको कार्यन्वयन गर्नु गराउनू,

घ) यस LTPTA कार्यन्वयन तथा विद्युत बिक्रि वितरण गर्दा स्वदेशी खपतमा कुनै कटौती नहुने वा प्रतिकुल प्रभाव नपर्ने गरी मात्र बिक्रि वितरण गर्नु गराउनू,

ङ) सम्झौता कार्यन्वयन गर्ने क्रममा यदि जलस्रोत बाँडफाँड वा उपयोग लगायतका विषयमा थप सम्झौता सम्पन्न गर्नुपर्ने भएमा, वा प्राकृतिक स्रोतको

बाँडफाँड हुने परिस्थिति सिर्जना हुन आएमा नेपालको राष्ट्रिय हित प्रतिकुल नहुने तथा विभेद र अन्य कुनै मुलुकको एकाधिकार कायम नहुने प्रवन्ध गरी नेपालको संविधान तथा प्रचलित कानुनबमोजिमको प्रक्रिया पूरा गर्नु गराउनु,

च) प्रस्तुत LTPTA को प्रस्तावना र परिच्छेद ५ बमोजिमका अन्तर्राष्ट्रिय दायित्व तथा प्रतिबद्दतालाई ध्यानमा राखी वातावरणीय न्यायका लागि जलविद्युत जस्तो नविकरणीय उर्जा (renewable energy) को कारोबार छिमेकी राष्ट्रसँग गरी वातावरणीय न्यायका (climate justice) सिद्धान्त अनुरुप विश्वव्यापी रुपमा ग्रहण गरिएका वातावरणीय लक्ष्य पूरा हुनेगरी कार्यन्वयन गर्नु गराउनु।

३८. प्रस्तुत आदेशको जानकारी सहित कार्यान्वयनको लागि महान्यायाधिवक्ताको कार्यालय मार्फत प्रत्यर्थीहरु नेपाल सरकारलाई र आदेशको पालना भए नभएको सम्बन्धमा अनुगमन गर्नु भनी सर्वोच्च अदालत फैसला कार्यान्वयन महानिर्देशनालयमा पठाई प्रस्तुत आदेश यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

(सपना प्रधान मल्ल)
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

(महेश शर्मा पौडेल)
न्यायाधीश

(प्रकाशमान सिंह राउत)
प्रधान न्यायाधीश

इजलास अधिकृतः- तिर्थ लक्ष्मी महर्जन/मतिना शाक्य
कम्प्युटर अपरेटरः मन्जिता ढुंगाना
अनुसन्धान सहयोगीः सोनीषा चौधरी / रोज सिंह (Intern)
इति संवत् २०८१ साल कार्तिक २० गते रोज ३ शुभम् ...............................